आज मिति २०८३/०६/०८ गते यस कपिलवस्तु जिल्लाका निमित्त प्रमुख जिल्ला अधिकारी श्री भविश्वर घिमिरे ज्यूको अध्यक्षतामा जिल्ला स्थित विभिन्न कार्यालयका सूचना अधिकारीहरुसँगको नियमित बैठक र अन्तरकृया कार्यक्रम सम्पन्न भयो जसको उपस्थिति र निर्णय यस प्रकार रहेको छ।

<u>उपस्थिति</u>

क्र.सं.	नामथर	पद	कार्यालय/संस्था	मोबाइल नं.	हस्ताक्षर
१	श्री भविश्वर घिमिरे	नि.प्र.जि.अ.	जिल्ला प्रशासन कार्यालय कपिलवस्तु	९८५७०३७७७७	
२	श्री पदमराज श्रेष्ठ	व.प्र.अ.	कपिलवस्तु नगरपालिका	९८५७६०४४२०१	
३	श्री प्रतीक प्रधान	इन्जिनियर	हुलाकी राजमार्ग यो.क्र	९८५७००५३९५५	
४	श्री विमरी रक्साल	सू.प्र.अ	बुद्धभूमि नगर	९८५७००८६६६३	
५	श्री केशव बेल्बासे	स.प्र.अ	,, ,,	९८५७६०५२५६६	
६	श्री केशव पन्थ	ना.सु.	इलाका प्रशासन कार्यालय, बाणगंगा	९८४६३५३५९६	Panthy
७	श्री निश्चल गौतम	कृ.अ.	जिल्ला निर्वाचन का.	९८५७६०५३५३८	
८	दिलिपकुमार शर्मा	प्रो.से.	AMP PIU कपिलवस्तु	९८४६९३३९५६	
९	सूर्य ब० भण्डारी (सह्) विवेक पौडेल	इन्जिनियर	बाणगंगा सिंचाइ व्यवस्थापन कार्यालय	९८४५५८३८२४ ९८५७६०५३६५४	
१०	केशवराज भट्टराई	व.प्र.अ.	बाणगंगा नगरपालिका	9857054330	
११	देवनाथ पण्डित	अ.प्रा	सिंचाई डिभिजन	9857051984	
१२	अमिश्वर महतो	प्रा. अधिकृत	सडक डिभिजन कार्यालय	9857053891	
१३	मुहानन्द बराल	व.अधिकृत	घरेलु तथा साना उद्योग का.	९८४६०२००६९	
१४	विष्णु भण्डारी	शा.प्र.	कृषि सा. क. लि. तौलिहवा	९८५७६०६९२५०	
१५	राम सुरत पाल	व.कृ.प्र.अ.	कृषि ज्ञान केन्द्र, कपिलवस्तु	९८५७६०५३०५३	
१६	श्याम लाल चाईं	का.इं.अ.	कभरियन्स कक्ष कृष्णनगर	९८६८९४१०६३	
१७	रुद्र प्रसाद पन्त	नायब सुब्बा	स्थानीय मे. कार्यालय	९८५७६०५३०५५	
१८	तेज प्रसाद अर्याल	अधिकृत जनस्वास्थ्य	स्वास्थ्य कार्यालय कपिलवस्तु	९८४७८६०३५०	
१९	राधेश्याम कलवार	स्वा. अ.	महाराजगंज नगरपालिका	९८०६६६३८९६	

२०	बृजेश कुमार चौधरी	स्व.प्र.अ.	महाराजगंज नगरपालिका	9857053150	
२१	धन लाल माले	प्रा.अ.	जि.प्र.प्र. को कार्यालय क.व. ~~धन लाल~~	9854475926	
२२	जय प्रकाश गुप्त	व.वन अ.	डिभिजन वन कार्यालय, तौलिहवा	9848048293	
२३	विनय कुमार गुप्ता	इञ्जिनियर	कृष्णनगर नगरपालिका	9857044999	
२४	अनिल कुमार ओझा	स्वं.प्र.अ.	यसोधरा गा.पा.	9857054843	
२५	हरिलाल पाध्या	व अ अ	कपिलवस्तु आयुर्वेद	9857030700	
२६	पुन्य प्रसाद न्यौपाने	व.शि.अ.	स्वा.वि.डि.का कपिलवस्तु	9849954632	
२७	आशीश कुमार विश्वकर्मा	स.के.अ.	सी.डि.डि.को, कपिलवस्तु	9766271171	
२८	शिवलाल बलाई	ना.सु.	जिल्ला इलाका कार्यालय	9848023928	
२९					
३०					
३१					
३२					
३३					
३४					
३५					
३६					
३७					
३८					
३९					
४०					
४१					
४२					
४३					

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

मिति २०८३/०६/०८ गते जिल्ला प्रशासन कार्यालय कपिलवस्तुमा बसेको सूचना अधिकारीहरुको बैठकका निर्णयहरु

१. जिल्लास्थित प्रत्येक सरकारी कार्यालयले आफ्नो सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको नाम, पद, मोबाइल नम्बर, इमेल र कार्यालय कक्षको विवरण ७ दिनभित्र अद्यावधिक गरी कार्यालयको वेबसाइट, सूचना पाटी तथा सेवा प्रवाह हुने स्थानमा अनिवार्य रूपमा सार्वजनिक गर्ने।

२. प्रत्येक कार्यालयले गुनासो प्राप्त भएको मिति, गुनासोकर्ताको विषय, जिम्मेवार शाखा, समाधानको अवस्था र फछ्र्यौट मिति खुल्ने गुनासो दर्ता/अनुगमन रजिस्टर वा डिजिटल अभिलेख अनिवार्य रूपमा राख्ने र प्राप्त गुनासो यथाशीघ्र फछ्र्यौट गर्ने।

३. सूचनाको हकसम्बन्धी निवेदन प्राप्त भएपछि प्रचलित कानुनले तोकेको समयसीमाभित्र सूचना उपलब्ध गराउने व्यवस्था मिलाई प्राप्त निवेदन र उपलब्ध गराइएको सूचनाको मासिक अभिलेख राख्ने।

४. प्रत्येक कार्यालयले प्रत्येक तीन महिनामा प्राप्त सूचना माग, गुनासो, फछ्र्यौट अवस्था र बाँकी रहेका विषयहरूको संक्षिप्त समीक्षा गरी कार्यालय प्रमुखसमक्ष पेश गर्ने र जटिल/अन्तरकार्यालय समन्वय आवश्यक विषय जिल्ला प्रशासन कार्यालयसँग समन्वय गर्ने।

५. सबै कार्यालयले सेवा, दस्तुर, आवश्यक कागजात, समय, जिम्मेवार कर्मचारी तथा सम्पर्क विवरण सरल नेपाली भाषामा सूचना पाटी/वेबसाइट/डिजिटल माध्यमबाट स्पष्ट रूपमा सार्वजनिक गर्ने र नागरिकलाई अनावश्यक रूपमा कार्यालय धाउनुपर्ने अवस्था न्यूनीकरण गर्ने।

६. सबै कार्यालयले प्रदान गर्ने सेवाको कार्यविधि सूचना तथा निर्णयहरु ,बारम्बार सोधिने प्रश्नको एकीकृत नागरिक सूचना सामग्री तयार गरी सूचना तथा वेबसाइटमा राख्ने।

७. प्रहरी सेवा, उजुरी/निवेदन र आपतकालीन सम्पर्कसम्बन्धी स्पष्ट नागरिक सूचना बोर्ड सबै प्रमुख सेवा स्थानमा राख्ने।

८. जिल्ला हुलाक कार्यालयले जिल्लाका स्थानीय तहमा सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको सम्पर्क विवरणको अद्यावधिक सूची तयार गर्ने।

९. स्थानीय तहबाट प्राप्त सूचना/गुनासोसम्बन्धी साझा विषयमा त्रैमासिक समन्वय बैठक गर्ने।

१०. सूचनाको हकसम्बन्धी प्रचलित कानुनबमोजिम सार्वजनिक गर्नुपर्ने विवरणहरू प्रत्येक कार्यालयले तोकिएको अवधिमा अद्यावधिक गरी वेबसाइट, सूचना पाटी तथा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्ने।

११. सूचना माग प्राप्त गर्ने, दर्ता गर्ने, सम्बन्धित शाखाबाट सूचना संकलन गर्ने, परीक्षण गर्ने र उपलब्ध गराउने प्रक्रियालाई सरल र एकरूप बनाउन साझा कार्यविधि/चेकलिस्ट तयार गरी लागू गर्ने।

१२. प्राप्त सूचना मागलाई प्राथमिकताका साथ प्रशोधन गरी कानुनले तोकेको समयसीमाभित्र सूचना उपलब्ध गराउने तथा ढिलाइ हुन सक्ने अवस्थामा सम्बन्धित कारणको अभिलेख राख्ने व्यवस्था गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

१३. प्रत्येक कार्यालयले आगामी त्रैमासिकमा सार्वजनिक गर्नुपर्ने प्रमुख सूचना, कार्यक्रम, बजेट, प्रगति, सेवा प्रवाह र सार्वजनिक सरोकारका विषयहरूको सूचना प्रकाशन क्यालेन्डर तयार गर्ने।

१४. सूचनाको हक, सूचना व्यवस्थापन, अभिलेख व्यवस्थापन, डिजिटल सूचना प्रकाशन, गोपनीयता तथा सार्वजनिक सूचना प्रवाहसम्बन्धी विषयमा त्रैमासिक रूपमा कम्तीमा एक क्षमता विकास/अनुभव आदान–प्रदान कार्यक्रम सञ्चालन गर्ने।

१५. प्रत्येक सूचना अधिकारीले त्रैमासिक अवधिमा प्राप्त सूचना माग संख्या, फछ्र्योट संख्या, बाँकी निवेदन, स्वतः प्रकाशनको अवस्था, देखिएका समस्या र सुधारका सुझाव समेटिएको त्रैमासिक प्रगति विवरण तयार गरी अर्को बैठकमा पेश गर्ने।